जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ५ २०८२ साल साउन ७ गते बुधबार (23 July 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा जबर्जस्ती निष्कासन... ३ पृष्ठमा : देशभर करिब ७२ प्रतिशत ... ३ पृष्ठमा :भारतको उपराष्ट्रपति...

# वर्षा नहुँदा धान रोपाई प्रभावित



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन।**

साउन महिनाको पहिलो साता सम्म पनि वर्षा नहुँदा धान रोपाई प्रभावित भएको छ। साउनको पहिलो सातासम्ममा जिल्लामा मात्र ३२ प्रतिशत धान रोपाई भएको छ।

आवश्यक सिंचाईको सुविधा जिल्लामा नभएकोले रोपाइ हुन नसक्दा यहाका किसानहरु चिन्तित बनेका छन्। आकाशे पानीको भरमा खेतीपाती गर्दै आएका किसान पानी नपरेको कारण रोपाई गर्न सकेको छैन् भने बोर्डिङ्ग र मोटरको प्रयोगबाट सिंचाई गरेर रोपिएको खेतमा पनि धान सुक्न थालेको छ।

जिल्लाको १८ वटा पालिका मध्ये दक्षिणी भेगका हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र राजगढ गाउँपालिकामा ६० प्रतिशत धान रोपाई भएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले जानकारी दिएका छन्।

जिल्लाको दक्षिणी भेगमा पश्चिमी कोशी नहरको सिंचाई पुगेका जग्गामा ६० प्रतिशत, मध्य भागमा कोशी पम्प नहरको सिंचाई पुगेका जग्गामा ३२ प्रतिशत र उत्तरी भेगमा बोरिङ गरेर मोटरको प्रयोगबाट सिंचाई गरी १५ प्रतिशत धान रोपाई भएको प्रमुख राउतले बताए।

गत वर्ष सप्तरीमा २ लाख ७४ हजार एक सय ७६ मेट्रिकटन धान उत्पादन भएको थियो। यहाँ कुल ८१ हजार ६ सय ६८ हेक्टर खेती योग्य जग्गा रहेकोमा ६८ हजार हेक्टरमा धान रोपाई हुँदै आएको थियो।

असारको सुरुमा एक/दुई पटक वर्षा भएपनि रोपाइका लागि उक्त वर्षा पर्याप्त भएन्। यता नहरहरुको संरचना जीर्ण भईसकेकोले त्यसलाई सरकारले मर्मत सम्भार नगर्दा उपलब्ध हुने सिंचाई समेत प्रभावित भएको छ।

जिल्लाका किसानहरुलाई कतैबाट सिंचाईको सुविधा नभएपछि बाध्य भई हाल महंगो दरमा डिजेल खरीद गरी पम्पीसेटबाट जसोतसो रोपाइ सुरु गरेका छन्।

यस्तै किसानहरुलाई सिंचाईसुगै सहुलियत दरमा मलखाद्य तथा विउ विजन समेत उपलब्ध भईरहेको छैन। आवश्यकता अनुसारको मलखाद्य तथा विउविजन यहाका किसानहरुलाई सहुलियत दरमा समयमा उपलब्ध नहुदा जोखिम मोलेर भारतबाट ल्याउन बाध्य भएका छन्। भारतबाट ल्याउने मल गुणस्तरहिन भएको किसानहरुकै भनाई छ।

जिल्लामा अहिलेको जस्तै रोपाइँको अवस्था रहयो भने आउँदो दिनमा यहा खाद्य संकट हुने सम्भावना समेत बढेको छ।

यता गत असार २६ गते मधेश प्रदेश सरकारले मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

तर अहिले सम्म केही स्थानमा खानेपानी वितरण गर्नुबाहेक किसानका लागि कुनै योजना वा राहत ल्याउन सकेको छैनन्।

# विपी स्मृतिमा वृक्षा रोपन



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन।**

४३ औं विपी स्मृति दिवसको अवसरमा मंगलबार वृक्षा रोपन कार्यक्रम गरिएको छ।

जिल्लाको तिलाठी

*बाँकी तीन पृष्ठमा*

भर्ना खुल्यो! भर्ना खुल्यो!!

**विगत १७ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.

**फारम भर्ने अन्तिम मिति** : २०८२ श्रावण ११ गते सम्म।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

# परीक्षाको केन्द्र लहान सारिएकोमा विद्यार्थीद्वारा बिरोध प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन।**

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजबाट विभिन्न परीक्षाको केन्द्र लहानस्थित जेएस मुरारका क्याम्पससमा सारिएको बिरोधमा मंगलबार स्वावियुको नेतृत्वमा सडक आन्दोलन गरिएको छ।

बदनियतपुर्ण तरिकाले महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस (मविव) राजविराजको परीक्षा केन्द्र सिरहाको लहानमा सारिएको विरोधमा विद्यार्थीहरू चर्को नारावाजी गर्दै आन्दोलनमा उत्रिएका छन्। उनीहरुले क्याम्पस हाताभित्र टायर बालेर प्रदर्शन गरेका छन्।

शुरुवातमा विज्ञान संकायको परीक्षा केन्द्र लहान सारिएपछि असन्तुष्ट बनेका विद्यार्थीहरूले क्याम्पस प्रशासनमा तालाबन्दी गर्दै विरोध जनाएका थिए। तर त्यसको केही समय नबित्दै एलएलबी र व्यवस्थापन संकायको समेत परीक्षा केन्द्र लहान सारिएपछि विद्यार्थीहरू झनै आक्रोशित बनेका छन्।

*बाँकी दुई पृष्ठमा*

# युवक मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन।**

सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिकामा एक युवक मृत अवस्थामा फेला परेका छन्।

वडा नं. ३ स्थित मटिगढा रामजानकी टोलमा मंगलबार स्थानीय २२ बर्षीय गोलु भन्ने कृष्ण कुमार चौधरी मृत अवस्थामा फेला परेका हुन्।

घरमा कोही नभएको बेला आफ्नो गाईगोठको काठको धरैनमा फासो लागेर झुण्डिएको अवस्थामा चौधरी मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक उदय कुमार राईले जानकारी दिए।

घटनास्थलमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएका प्रहरी टोलीले मुचुल्का उठाई शव पोस्टमार्टमको लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं।**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### न्यायिक समिति बारे जनता अझै अन्यौलमै

तीन तहको सरकार मध्ये स्थानिय तहलाई स्थानीय स्तरबाटै विभिन्न मुद्दा निराकरणको अधिकार दिएको छ । तर, अझै मानिसहरु स्थानिय तहबाटै मुद्दाहरु फर्च्यौट गर्न सकिन्न भन्ने बारे अनभिज्ञ छन् । स्थानिय तहलाई न्याय निरुपणका लागि दिएको अधिकारलाई न्यायिक समिति भन्ने गरिन्छ । स्थानिय पालिका अन्तरगत उपमेयर/उपप्रमुख संयोजक रहने गरि तीन सदस्यीय समितिले अन्य अदालत जस्तै न्याय दिने बारे अझै जनताले अझै बुझ्न सकेका छैनन् । सरकारले स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समितिको गठन गरेको हो ।

तर, पनि यस समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ । सप्तरी जिल्लाका अदालतहरुमा सानो भन्दा सानो जालझेल, जग्गा सम्बन्धी, झगडा लगायतका अन्य विभिन्न खाले मुद्दाहरु दिनहुँ दर्ता हुने गरेको छ । समाजबाटै समाधान हुने खालका मुद्दाहरु पनि अदालतमा दर्ता हुने गरेको पाइएको छ । स्थानिय स्तरबाटै पनि ती मुद्दाहरुलाई टुङ्गो लगाउन सकिन्छ भन्ने बारे स्थानिय तहले बुझाउन नसकेकाले पनि मुद्दाहरु प्रहरीहुँदै अदालतसम्म पुग्ने गर्दछ ।

तसर्थ स्थानिय निकायहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता बारे अभियान नै संचालन गर्नु पर्ने अवस्था आएको छ । जनतालाई जागरुक गर्न सबै पालिकाले जनचेतनाका लागि अभियान नै चलाउनु पर्ने अवस्था देखिएको छ । अनिमात्र यसप्रति जनताको विश्वास बढ्ने र प्रहरी तथा अदालतसम्म पुग्ने झण्झटिलो तथा खर्चिलो प्रक्रियाबाट मुक्त गर्न सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा जबर्जस्ती निष्कासन सम्बन्धी एम्नेस्टीको प्रतिवेदन सार्वजनिक

काठमाडौँ, ५ साउन (रासस) ।

एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२० देखि २०२४ का बीच भएका पाँचवटा जबरजस्ती निष्कासनका घटनामा केन्द्रित रही गरेको अध्ययन प्रतिवेदन मंगलबार सार्वजनिक गरेको छ । एम्नेस्टी नेपालका अध्यक्ष विपिन बुढाथोकी र जबर्जस्ती निष्कासनको घटनाबाट पीडित जानुका पौडेलले सो प्रतिवेदन सार्वजनिक गर्नुभएको हो ।

प्रतिवेदनमा देशका धेरै भागका विभिन्न बस्तीमा बस्ने सयौँ नागरिकलाई आवासविहीन बनाएको जबर्जस्ती निष्कासनको निरन्तर अभ्यास भएको देखिएको उल्लेख छ । एम्नेस्टीले साझेदार नागरिक समाज सङ्घ संस्थाहरूसँग मिलेर अनुसन्धान गर्दा सन् २०२४ मा कैलाली, सिरहा, सुनसरी र झापामा गरिएका दुई अनुसन्धान भ्रमणका क्रममा गरिएका स्थलगत अनुसन्धानका साथै गरेको निरन्तरका दस्तावेजीकरण र वकालतका प्रयासमा आधारित रहेको जनाएको छ ।

एम्नेस्टीका निर्देशक निराजन थपलियाले प्रतिवेदनको मुख्य विषय प्रस्तुत गर्दै खासगरी अनुसन्धानमा पाँचवटा जबर्जस्ती निष्कासनका घटनालाई प्रतिनिधिमूलक घटनाका रूपमा अभिलेख गरिएको जानकारी दिनुभयो । ती पाँच स्थानमा २०७७ साउन ३ गते चितवनको माडी नगरपालिका, २०७८ वैशाख १८ गते कैलालीको घोडाघोडी नगरपालिका, २०७९ मङ्सिर १२ गते काठमाडौँ महानगरपालिकाको चापावली, २०८१ असार ९ गते धनगढी उपमहानगरपालिकाको पुरानो विमानस्थल क्षेत्र र २०८१ असार ११ गते कैलालीको भजनी नगरपालिकाको भजनीमा बसिरहेको अवस्थामा राज्यका निकायले आवासविहीन बनाएको घटना उल्लेख गरिएको छ ।

प्रतिवेदनमा अनुसन्धानले १६ केन्द्रित समूह छलफल गरी भूमि समस्या समाधान आयोग र राष्ट्रिय मानवअधिकार आयोगजस्ता सङ्घीय अधिकारीका साथै प्रादेशिक तथा स्थानीय अधिकारीसमेत गरी १५ व्यक्तिगत अन्तर्वार्ताका निचोडलाई समावेश उल्लेख छ । 'भूमिहीन सुकुम्बासी' (भूस्वामित्व दर्ता नभएका नागरिक) र अव्यवस्थित बसोबासी (केही दर्ता गरिएको जग्गा भए पनि सरकारी जग्गामा बसोबास गरिरहेका)लाई जग्गाको स्वामित्व प्रदान गर्नेलगायत जबर्जस्ती निष्कासनलाई रोक्ने सम्बन्धमा नेपालको संविधान र बाबासको अधिकारसम्बन्धी ऐन, २०७५ तथा भूमि ऐन, २०२१ लगायतका कानुनमा महत्वपूर्ण प्रावधान भएपनि त्यसको प्रयोग नगरेको उल्लेख छ ।

आवासको अधिकारसम्बन्धी ऐनले कुनै पनि निष्कासन प्रक्रियामा पालना गर्नुपर्ने प्रक्रियागत संरक्षणात्मक उपायलाई प्रस्तुत गरी अन्तरराष्ट्रिय कानुनका प्रावधानलाई पनि प्रतिबिम्बित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । अभिलेख गरिएका घटनामा अधिकारीहरूले प्रभावित समुदायसँग निष्कासनको विकल्पको खोजी गर्न वास्तविक परामर्शमा संलग्न हुनुपर्ने र समुदायलाई पर्याप्त सूचना दिनुपर्ने जस्ता राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनमा तोकिएका दायित्वलाई बेवास्ता गरेका बताइएको छ ।

पाँचमध्ये तीनवटा घटनामा तथ्याङ्क सङ्कलन, सामुदायिक संलग्नता, भूमि नक्साङ्कन, दाबी प्रमाणीकरण र भूमि बाँडफाँटका लागि जिम्मेवारी प्राप्त भूमि समस्या समाधान आयोगद्वारा सुरु गरिएको विद्यमान प्रमाणीकरण प्रक्रियाको ठाडो बेवास्ता गर्दै जबर्जस्ती निष्कासन गर्ने वा निष्कासनको प्रयास गर्ने कार्य गरिएको प्रतिवेदनमा उल्लेख छ । नेपालमा अनौपचारिक बस्तीमा बस्ने अधिकांश नागरिक सीमान्तकृत समूहमा पर्दछन् । अनुसन्धानले यी पाँचवटा घटनामा जबर्जस्ती निष्कासनबाट दलित र आदिवासी जनजाति असमानुपातिक रूपमा प्रभावित भएको पाइएको छ ।

"अनुसन्धानका क्रममा अभिलेख गरिएका भनाइले जबर्जस्ती निष्कासनका कारण हुने गम्भीर भावनात्मक, शारीरिक र मनोवैज्ञानिक पीडामाथि प्रकाश पारेका छन्, जसले व्यक्ति र परिवारलाई डर, आघात र अस्थिरताको अवस्थामा पुऱ्याउँछ", प्रतिवेदनमा भनिएको छ, "अनुसन्धान टोलीद्वारा भ्रमण गरिएका तीनवटै निष्कासन स्थलमा आवासविहीनता स्पष्ट थियो, जुन कुरा भूमिको स्वामित्वको स्थिति जेसुकै भए पनि राज्यले सबै नागरिकलाई जबर्जस्ती निष्कासन गर्ने कार्यबाट संरक्षण प्रदान गर्ने र व्यक्तिलाई आवासविहीन बनाउने कार्य नगर्ने बाध्यकारी अन्तरराष्ट्रिय कानुनी प्रावधानको स्पष्ट उल्लङ्घन हो ।"

प्रतिवेदनमा अभिलेख गरिएका धेरैजसो घटनामा प्रभावित समुदायले निष्कासनका लागि कुनै पनि क्षतिपूर्ति नभएको र पाए पनि एकदमै अपर्याप्त पाएको उल्लेख छ । साथै, पुनर्वासको प्रस्ताव गर्दा पनि प्रभावित समुदायसँगको पूर्वपरामर्श नगरी र परिवारको आकार वा आधारभूत सेवाको प्रावधान जस्ता आवश्यकताको उचित विचार नगरी प्रस्ताव गरिएको पाइएको उल्लेख छ ।

आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का धेरै प्रावधानलाई कार्यान्वयन गर्न आवश्यक पर्ने नियामक संरचनाको अभावले कानुनी सुरक्षालाई धेरै हदसम्म निष्प्रभावी बनाएको र मौलिक हकको संरक्षणका लागि बनाइएका हालसालैका कानुनसँग बाझिएका पहिलेका कानुनलाई संशोधन गरी कानुनी एकरूपता कायम गर्नमा भइरहेको विफलताले कार्यान्वयनलाई झन् कमजोर बनाएको उल्लेख छ । प्रतिवेदनमा निगरानी संयन्त्रहरू पनि धेरै हदसम्म प्रभावहीन रहेका बताइएको छ ।

एम्नेस्टीले विभिन्न तीन तहको सरकार, न्यायपालिका, संसदीय समिति र मानव अधिकार आयोगलाई सिफारिससमेत गरेको छ । नेपाल सरकारलाई गरेको सिफारिसमा निष्कासन, क्षतिपूर्ति र पुनर्वाससम्बन्धी घरेलु कानुनी प्रावधानमा नेपालको संविधान र अन्तरराष्ट्रिय मानवअधिकार मापदण्डद्वारा सुनिश्चित गरिएको पर्याप्त आवासको अधिकारअनुरूप हुनेगरी एकरूपता कायम गर्ने रहेको छ ।

त्यस्तै, आवासको अधिकारसम्बन्धी ऐनअन्तर्गतका कानुनी मापदण्डको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि कुनै ढिलाइ नगरी निष्कासनका लागि आवश्यक पर्ने संरक्षणात्मक उपायका उचित कार्यविधिगत प्रक्रियासहितको आवासको अधिकारसम्बन्धी नियमावली लागू गर्ने रहेको छ । सङ्घीय, प्रादेशिक र स्थानीय सरकारलाई गरेको सिफारिसमा भूमि ऐन, २०२१ को आठौँ संशोधन र आवासको अधिकारसम्बन्धी ऐन, २०७५ द्वारा प्रदान गरिएअनुसार उचित प्रमाणीकरण र पुनर्वासका उपाय अवलम्बन नभएसम्म अनौपचारिक बस्तीबाट सामूहिक निष्कासन नहुने कुरा सुनिश्चित गर्ने रहेको छ ।

न्यायपालिकालाई गरेको सिफारिसमा जबर्जस्ती निष्कासन रोक्न र पर्याप्त आवासको अधिकार सुनिश्चित गर्न विफल भएका अधिकारीलाई जवाफदेही बनाउनका लागि न्यायपालिकाले सार्वजनिक सरोकारका मुद्दाको तत्काल र प्रभावकारी सुनुवाइ र फछ्र्यौट सुनिश्चित गर्ने रहेको छ । साथै, राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी मुद्दाको निर्णयमा न्यायिक संवेदनशीलताका उपाय अवलम्बन गर्ने रहेको छ । राष्ट्रिय मानव अधिकार संस्थालाई गरेको सिफारिसमा निष्कासन, क्षतिपूर्ति र पुनर्वास प्रक्रियाको सक्रिय अनुगमन र निगरानीलाई बलियो बनाउने र पर्याप्त आवासको अधिकारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उल्लङ्घका लागि अधिकारीहरूलाई जवाफदेही बनाउने रहेको छ ।

आदिवासी जनजाति आयोगका सदस्य विजय रानाले कानुनी रूपमा व्यवस्था गरिएको भए पनि कार्यान्वयनको अवस्था कमजोर हुँदा पीडितले दुःख भोग्नुपरेको बताउनुभयो । अधिवक्ता राजुप्रसाद चापागाईंले भूमिहीनको समस्या जटिल र विकराल भएकाले सरकारले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जबर्जस्ती निष्कासनको घटनामा पीडित धन श्रेष्ठले सबैले मानव अधिकारको प्रत्याभूति गर्न पाउनुपर्ने र राज्यले विकल्प नदिइकन डोजर लगाएर जबरजस्ती उठीबास लगाउन नहुने बताउनुभयो । भूमिविहीन समस्या समाधान आयोगका विज्ञ सदस्य जगल बस्नेतले अहिले करिब १२ लाख भूमिहीनको निवेदन आयोगलाई प्राप्त भएको जानकारी दिनुभयो ।

# सामाजिक सुरक्षा कोषले बाँड्यो करिब तीन अर्ब व्याज

काठमाडौँ, ६ साउन (रासस) ।

सामाजिक सुरक्षा कोषले आर्थिक वर्ष २०८१/८२ मा योगदानकर्ताको वृद्ध अवस्था सुरक्षा योजनामा जम्मा भएको रकमको व्याजबापतको रकम वितरण गरेको छ ।

कोषले सो योजनाअन्तर्गत २३ लाख ७९ हजार ५८५ योगदानकर्ताको खातामा रु दुई अर्ब ८४ करोड ४२ लाख २८ हजार ८२८ व्याज वितरण गरेको सूचना अधिकारी डा रोशन कोजुले जानकारी दिनुभयो । कोषले गत आवमा वृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकममा गत चैत ४ गतेसम्म ५.५ प्रतिशत र चैत ५ गतेदेखि असार मसान्तसम्म पाँच प्रतिशतले व्याज दिएको हो ।

कोषमा हालसम्म औपचारिक क्षेत्रका छ लाख तीन हजार ४२६, वैदेशिक रोजगारीमा रहेका १७ लाख ८५ हजार ५७३, अनौपचारिक ७२० र स्वरोजगार ४२२ गरी कुल २३ लाख ९० हजार १४१ योगदानकर्ता सूचीकृत भएका छन् ।

कोषमा रु ८६ अर्ब ८६ करोड योगदान सङ्कलन भएको छ । कोषले विभिन्न सुविधा योजनाअन्तर्गत योगदानकर्तालाई रु १५ अर्ब ७७ करोड दाबी भुक्तानी गरेको छ । कोषले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार र वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ ।

### परीक्षाको केन्द्र ...

स्ववियु सभापति रन्जित कुमार यादवले 'त्रिवि आंगिक क्याम्पसको सेन्टर निजी क्याम्पसमा दिनु गलत भएको बताउँदै परीक्षा केन्द्र सिरहाको लहानमा सारिएको विरोधमा सडक आन्दोलनमा उत्रिएको बताए ।

सभापति यादवले सप्तरी र सिरहाको मात्र परीक्षा केन्द्र सार्नुमा त्रिवि कार्यालयको बदनियत रहेको आरोप समेत लगाए ।

यता विद्यार्थीहरूले त्रिभुवन विश्वविद्यालय र सम्बन्धित निकायहरूसँग तत्काल निर्णय फिर्ता लिन माग गर्दै परीक्षा केन्द्र पुनः मविव क्याम्पसमै कायम नगरे आन्दोलन कायमै राख्ने र समाधान नखोजिए थप कडा आन्दोलन गर्ने चेतावनी समेत दिए ।

# देशभर करिब ७२ प्रतिशत धान रोपाइँ सम्पन्न

काठमाडौं, ६ साउन (रासस)।

यस वर्ष देशभर करिब ७२ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। गत वर्ष सोही अवधिको तुलनामा रोपाइँ १२ प्रतिशतले कम हो।

देशभर करिब १० लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। मुलुकमा करिब १४ लाख हेक्टर जमिनमा रोपाइँ हुने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो।

सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ९७ प्रतिशत रोपाइँ भएको छ भने कर्णाली र लुम्बिनी प्रदेशमा ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिनुभयो। उहाँका अनुसार मौसमको प्रतिकूलताले असर देखा नपरे साउनको अन्तिम सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ।

सुदूरपश्चिम प्रदेशमा करिब ९७ प्रतिशत रोपाइँ सम्पन्न हुँदा एक लाख ७१ हजार हेक्टरमा रोपाइँ भएको सूचना अधिकारी जोशीले उल्लेख गर्नुभयो। प्रतिशतका हिसाबले यहाँ सबैभन्दा बढी रोपाइँ सम्पन्न भएको छ। उहाँका अनुसार बागमती प्रदेशमा ८७ प्रतिशत रोपाइँ सम्पन्न हुँदा एक लाख पाँच हजार हेक्टरमा रोपाइँ सकिएको छ।

गत वर्ष यही अवधिमा करिब ८४ प्रतिशत धान रोपाइँ भएको थियो। मन्त्रालयले आइतबारसम्म सङ्कलन गरेको तथ्याङ्कअनुसार देशका केही भागमा रोपाइँ जारी छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ। "सो क्षेत्रबाट धानको उत्पादकत्वमा वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान छ। पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ", उहाँले भन्नुभयो।

आव २०८०/८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो। मौसमको प्रतिकूलता, दैवी प्रकोप, अतिवृष्टि तथा अनावृष्टिले रोपाइँमा नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ। पछिल्लो पटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान छ।

धान उत्पादनमा करिब १० प्रतिशतले घटबढ भएमा मुलुकको कूल गार्हस्थ्य उत्पादनमा एक प्रतिशतले घटबढ हुने कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने मन्त्रालयका सुचना अधिकारी जोशीले जानकारी दिनुभयो।

# पानी नपरेपछि किसानलाई रोपो जोगाउन चिन्ता

पर्सा, ६ साउन (रासस)।

आकासे पानी नपरेपछि पर्साका दक्षिणी भेगका किसानलाई भर्खरै रोपेको धानबाली जोगाउने चिन्ताले सताएको छ। पर्सासहित मधेस प्रदेशका अधिकाशं जिल्लामा पर्याप्त मात्रामा पानी नपरेपछि भर्खरै रोपेको धानखेतमा अहिले धाँजा फाट्न थालेको छ।

पर्साका किसानले गण्डक नहर, स्यालो ट्युबवेल, पम्पसेट, डिपबोरिङलगायतका सहायताले जेनतेन धान रोपाइँ गरे पनि अहिले रोपिएका धानलाई जोगाउन निकै सकस परिरहेको छ। कृषि ज्ञान केन्द्रका प्रमुख रामजीवन ठाकुरले पर्सामा ८० प्रतिशत धान रोपाइँ भए पनि पानी अभावका कारण खेतमा धाँजा फाट्न थालेको जानकारी दिनुभयो।

प्रमुख ठाकुरले भन्नुभयो, "पर्सामा ३९ हजार ७३१ हेक्टरको ८० प्रतिशत अर्थात् ३१ हजार ७८४ हेक्टरमा धान रोपाइँ भइसकेको छ। तर बाँकी रहेको २० प्रतिशत रोपाइँ भने अकासे पानीकै भरमा रोप्नुपर्ने बाध्यता छ। पानी नपर्दा विशेषगरी २० देखि २५ प्रतिशत धान रोपाइँ भइसकेको ठाउँमा पानीको चर्को अभाव भइरहेको गुनासो आइराखेको छ।"

कृषि ज्ञान केन्द्रले मात्र गत आर्थिक वर्षमा सिँचाइका लागि साना-ठूला गरेर पाँच सय ५० वटा स्यालो ट्युबवेल सञ्चालनमा ल्याएको बताउनुभयो। "केही समय अकासे पानी नपरेको खण्डमा यहाँ कलिलो धानको बिरुवालाई जोगाउन पनि समस्या हुने देखिन्छ", उहाँले भन्नुभयो। पर्सामा सिँचाइका लागि मुख्य आधारका रूपमा गण्डक नहर रहेको छ। तर सो नहरमा पनि अपेक्षाकृत पानी नहुँदा किसानले समस्या झेल्दै आइरहेका छन्।

छिमेकी मुलुक भारतले गण्डक सिँचाइ तथा जलविद्युत् योजनाको सम्झौताअनुसारको आठ सय ५० क्युसेक क्षमताको पानी उपलब्ध नगराउँदा पनि पर्सा, बारा र रौतहटमा धान रोपाइँ प्रभावित भएको छ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोजकुमार पटेलले भारतले अहिले दैनिक औसतमा पाँच सय ५० क्युसेक पानीमात्र उपलब्ध गराउँदै आइरहेको बताउनुभयो। "हामीले सम्झौताअनुसार पाउने आठ सय ५० क्युसेक पानी उपलब्ध गराउनका लागि पर्सासँगै जोडिएको सीमावर्तीमा रहेको भारतीय पक्षलाई चारपटक पत्राचार गरिसक्यौं। तर अहिलेसम्म पनि विभिन्न बाहनाबाजी गरेर सम्झौताअनुसारको पानी उपलब्ध हुनसकेको छैन", उहाँले भन्नुभयो, "सम्झौताअनुसार पानी पर्याप्त गर्न नसकेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत सो समस्याका बारेमा परराष्ट्र मन्त्रालय हुँदै भारतको सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने कार्य पनि भइरहेको छ।"

नारायणी सिँचाइ व्यस्थापन कार्यालय मातहत २९ वटा ट्युबवेलमध्ये दुईवटा मात्र सञ्चालनमा छन्। सो मातहत रहेका चारवटा ट्युबवेल पूर्ण रूपमा निष्क्रिय छन्भने २३ वटा ट्युबवेल आवश्यक मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउन सकिने भएकाले बजेटको आवश्यकता रहेको कार्यालयले जनाएको छ।

प्रमुख पटेलले पर्याप्त पानी नहुँदा पर्सा, बारा र रौतहटमा अपेक्षाकृत रोपाइँ हुन नसकेको बताउनुभयो। "पर्सामा आइतबारदेखि मङ्गलबारसम्म रोपाइँका लागि पानी छुटचाउने गरिन्छ, बारा र रौतहटका लागि भने बुधबारदेखि शनिबारसम्म उपलब्ध गराउने गरिन्छ। तर पर्साका किसानले बारा र रौतहटका किसानको पालोको पानी पनि लगाइदिने समस्या पनि कायमै छ", पटेलले भन्नुभयो।

नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो। सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो।

सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइका लागि भारतीय पक्षले नेपालका लागि आठ सय ५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ मा नेपाललाई हस्तान्तरण गरेको थियो।

गण्डक नहर भारतीय भूमि हुँदै नेपाल-भारतको सीमाक्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ। यो नहर नेपालतर्फ ८१ किलोमिटर लम्बाइ रहेको छ। यो नहरको नौवटा डिष्ट्रिब्युटरी र ८७ वटा संरचनाअन्तर्गत पर्सा, बारा र रौतहटमा सिँचाइ गर्ने गरिन्छ। प्रमुख पटेलले सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भएता पनि अहिलेसम्म भने २८ हजार हेक्टर क्षेत्रफलमा मात्र सिञ्चित हुँदै आएको जानकारी दिनुभयो।

# मधेस प्रदेशमा खानेपानी र सिँचाइको समस्या समाधान संघीयमन्त्रीहरु बीच छलफल

काठमाडौं, ६ साउन (रासस)।

मधेस प्रदेशमा खानेपानी र सिँचाइको समस्या समाधान गर्न विभिन्न चार मन्त्रीबीच छलफल भएको छ।

वर्षात्का समयमा मधेस प्रदेशका आठ जिल्लामा पानी अत्यन्त कम परेकाले खानेपानी तथा सिँचाइको अभाव भएपछि उक्त समस्या समाधान गर्न सोमबार कृषि तथा पशुपन्छीमन्त्री रामनाथ अधिकारीको पहलमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, कानुन तथा संसदीय मामिलामन्त्री अजय चौरासिया र खानेपानी तथा सरसफाइमन्त्री प्रदीप यादवबीच छलफल भएको हो।

ऊर्जा मन्त्रालयमा भएका सो बैठकमा ती चारवटै मन्त्रालयका सचिवहरुको सहभागिता रहेको थियो। बैठकमा मन्त्री अधिकारीले मधेस प्रदेशमा अत्यन्त कम वर्षा हुँदा रोपाइँ हुन नसकेको सन्दर्भमा अध्ययन गर्न टोली परिचालन गरिएको जानकारी दिनुभएको थियो। उहाँले टोलीले दिएको सुझावका आधारमा मन्त्रालयले थप काम गर्ने बताउनुभएको थियो।

बैठकले मधेशमा खानेपानीको समस्यासमेत रहेको जनाउँदै त्यसको अध्ययन गर्नका लागि चारवटै मन्त्रालयका सहसचिवको प्रतिनिधित्व रहनेगरी एक कार्यदल गठन गरेको छ।

उक्त कार्यदलले तत्काल समस्या पहिचान गरी शीघ्र समाधानका उपाय खोज्ने जनाइएको छ। छलफलमा जलस्रोत तथा सिँचाइसचिव सरिता दवाडीले तराईका जम्मा ५० प्रतिशत हाराहारीमा मात्र सिँचाइ सुविधा पुगेको बताउनुभयो। उहाँले सिँचाइ र खानेपानीका लागि भूमिगत पानी नै उत्तम उपाय भएको उल्लेख गर्नुभयो।

बैठकमा मन्त्री अधिकारीले किसानका समस्या समाधान गर्न सरकारले उच्च प्राथमिता दिएको हुँदा यसका लागि चारमन्त्रालयका बीचमा थप समन्वय आवश्यक रहेको बताउनुभयो।

ऊर्जामन्त्री खड्काले चाँडोभन्दा चाँडो जनतालाई खानेपानी र सिँचाइको सुविधा पुर्याउन सरकार लागिरहेको बताउनुहुँदै सबै मन्त्रालयबीच समन्वय गरेर चाँडो काम सम्पन्न गर्न लाग्नुपर्ने बताउनुभयो।

### *बिपी स्मृतिमा ...*

कोइलाठी गाउँपालिका वडा नं. ८ स्थित तोपा प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं. ८ को कार्यालय परिसर र सकरपुरस्थित राष्ट्रिय प्रथमिक विद्यालय मुखिया टोलमा बृक्षा रोपन कार्यक्रम गरिएको हो।

कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, संगठन बिभाग प्रमुख बद्री नारायण महत्मान, जिल्ला सदस्य शम्भु लाल देव, रामकुमार साह, वडा अध्यक्ष सत्यनारायण यादव, नेपाल प्रेस युनियन जिल्ला सचिव रामानन्द देव, कोषाध्यक्ष रामनारायण यादव, नेबि संघ सभापति राकेश ठाकुर, तरुण दल सभापति अर्जुन यादव लगायतको उपस्थिति रहेको थियो।

प्रथम जन निर्वाचित प्रधानमन्त्री विशेश्वर प्रसाद कोइरालाको योगदानको स्मरणमा प्रत्येक वर्ष स्मृति दिवस विभिन्न कार्यक्रम गरी मनाइदै आइरहेको छ।

## विश्व समाचार

### भारतको उपराष्ट्रपति पदबाट जगदीप धनखरको राजीनामा

नयाँदिल्ली, ६ साउन (रासस/एएनआई)।

भारतका उपराष्ट्रपति जगदीप धनखरले आफ्नो स्वास्थ्यलाई प्राथमिकता दिने र चिकित्सकको सल्लाहअनुसार आफ्नो पदबाट राजीनामा दिने निर्णय गर्नुभएको छ। उहाँले यस निर्णयमार्फत व्यक्तिगत स्वास्थ्य र भलाइमा ध्यान केन्द्रित गर्ने उद्देश्य राख्नुभएको छ। धनखरले आफ्नो राजीनामा पत्र राष्ट्रपति द्रौपदी मुर्मुलाई सम्बोधन गर्दै पठाउनुभएको हो, जसमा उहाँले स्वास्थ्यको हेरचाह र चिकित्सकीय सल्लाहको पालना गर्दै तत्काल प्रभावबाट उपराष्ट्रपतिको पदबाट राजीनामा दिने निर्णय गरेको कुरा उल्लेख गर्नुभएको छ।

उहाँले आफ्नो पत्रमा राष्ट्रपति र प्रधानमन्त्रीको साथसाथै मन्त्री परिषद्लाई पनि उहाँको कार्यकालमा दिएको अमूल्य समर्थनका लागि धन्यवाद दिनुभएको छ। उपराष्ट्रपतिको रूपमा धनखरले सन् २०२२ मा पदभार सम्हाल्नुभएको थियो र उहाँको कार्यकाल सन् २०२५ सम्मको थियो, तर स्वास्थ्य कारणले उहाँले यो महत्वपूर्ण निर्णय लिनु परेको हो। धनखरको राजीनामा पछि उपराष्ट्रपतिको पदको रिक्तता भर्ने उद्देश्यले नयाँ चुनाव गरिनेछ। यस सम्बन्धी उपराष्ट्रपतिको सचिवालयले पनि जानकारी दिएको छ। उपराष्ट्रपतिको कार्यकालमा धनखरको योगदान अत्यन्त प्रेरणादायक र महत्त्वपूर्ण रह्यो। उहाँको कार्यकालको अवधिमा उहाँले देशको संविधान र संसदीय प्रक्रियामा राम्रो ज्ञान र नेतृत्व देखाउनुभएको थियो।

### थप पाँच हजार टनको विध्वंसक बनाउने उत्तर कोरियाको योजना

सियोल, ६ साउन (रासस/एएफपी)।

उत्तर कोरियाले आफ्नो नौसेनाका लागि थप पाँच हजार टन विध्वंसक निर्माण गर्ने प्रतिज्ञा गरेको राज्य मिडियाले मङ्गलबार जानकारी दिएको छ। आणविक हतियारसम्पन्न यस देशले यस वर्ष दुईवटा यस्तै पोत सञ्चालनमा ल्याएको छ। नेता किम जोङ उनले आफ्नो देशको नौसेना क्षमता बढाउने प्रतिज्ञा गर्नुभएको छ र अप्रिलमा देशको पहिलो पाँच हजार टन विध्वंसक-श्रेणीको नौसेना जहाज चो ह्योनको प्रक्षेपणमा उपस्थित हुनुभएको थियो। दक्षिण कोरियाको सेनाले सम्भवतः युक्रेनमा मस्कोलाई लड्न मद्दत गर्न हजारौं सैनिक पठाउने बदलामा रुसको सहयोगमा यो जहाज निर्माण गरिएको हुनसक्ने बताएको छ।

किम मे महिनामा विध्वंसक काङ कोनको असफल प्रक्षेपणमा पनि उपस्थित हुनुभएको थियो। उक्त विध्वंसकलाई पछि मर्मत गरी जुनमा पानीमा उतारिएको थियो। प्योङयाङको आधिकारिक कोरियन केन्द्रीय समाचार एजेन्सी (केसिएनए) का अनुसार नाम्फो शिपयार्डका कामदारहरूले सोमबार एक र्‍यालीमा अर्को वर्ष अक्टोबर १० सम्ममा नयाँ युद्धपोत पूरा गर्ने प्रतिज्ञा गरेका छन्। यस मितिले कोरियाको सत्तारूढ मजदुर पार्टीको स्थापनाको वार्षिकोत्सव मनाउँछ। उत्तर कोरियाले अब 'चो ह्योन-क्लास डिस्ट्रोयर नम्बर ३' निर्माण गर्नेछ जसलाई यसले 'हाम्रो आफ्नै प्रकारको शक्तिशाली युद्धपोत' भनेर वर्णन गरेको छ।

नाम्फो डकयार्डका प्रबन्धकले कामदारहरूलाई पार्टीको 'शक्तिशाली सेना निर्माणको योजना' कायम राख्न र 'अभेद्य समुद्री सार्वभौमिकता र राष्ट्रिय स्वार्थहरूको दृढ रक्षा गर्न' निर्माण समयसीमा पूरा गर्न आग्रह गरेको केसिएनएले जनाएको छ। गत महिना अकस्मात् भएको चुनावमा निर्वाचित हुनुभएका दक्षिण कोरियाका नयाँ राष्ट्रपति ली जे-म्युङले आफ्ना कट्टरपन्थी महाभियोगमा परेका पूर्ववर्ती युन सुक योलको तुलनामा प्योङयाङप्रति बढी नरम दृष्टिकोण अपनाउने प्रतिज्ञा गर्नुभएको छ।

ली प्रशासनले सीमानामा लाउडस्पिकर प्रचार प्रसारण बन्द गरेको छ। लाउडस्पिकर प्रचार प्रसारण सियोलले गत वर्ष प्योङयाङले दक्षिणतर्फ फ्याँकेका फोहोरले भरिएका बेलुनहरूको वर्षापछि सुरु गरेको थियो। उत्तर कोरियाले पनि आफ्नै प्रचार प्रसारणहरू अन्त्य गरेको देखिन्छ जसले दक्षिणमा अनौठो र डरलाग्दो आवाजहरू प्रसारण गरेको थियो।

### स्कुलमा विमान दुर्घटना, २७ जनाको मृत्यु, बङ्गलादेशमा शोक

ढाका, ६ साउन (रासस/एएफपी)।

बङ्गलादेशको एक स्कूलमा प्रशिक्षण लडाकू जेट दुर्घटना हुँदा २५ बालबालिका र अन्य दुई जनासहित २७ जनाको मृत्यु भएपछि मङ्गलबार परिवारहरू र शिक्षकहरू भेला भएका छन्। यो दशकौंको सबैभन्दा घातक विमान दुर्घटना हो।

चिनियाँ निर्मित एफ-७ विजेआई विमान माइलस्टोन स्कुल एन्ड कलेजमा खसेको बेला अधिकांश पीडित विद्यार्थीहरू भर्खरै कक्षाबाट बाहिर निस्किएका थिए।

"अहिलेसम्म २७ जनाको मृत्यु भइसकेको छ। तीमध्ये २५ जना बालबालिका र एक जना पाइलट छन्", स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका मुख्य सल्लाहकारका विशेष सहायक सैयदुर रहमानले २० जनाको मृत्यु सङ्ख्यालाई अद्यावधिक गर्दै भन्नुभयो, "विभिन्न अस्पतालमा ७८ जनाको उपचार भइरहेको छ।"

दुर्घटनामा १७० जनाभन्दा बढी घाइते भएका कारणबारे अनुसन्धान गरिरहेको सेनाले जनाएको छ। सामान्यतया व्यस्त रहने स्कुल मङ्गलबार बिहान एकदमै शान्त थियो, कक्षाहरू रद्द गरिएको थियो।

"बालबालिकासहित स्कुलले पनि ज्यान गुमाइसकेको छ", आफ्नो छोरा मुस्किलले दुर्घटनाबाट बचेका ४५ वर्षीय शिक्षक शहादत होसेनले भन्नुभयो, "प्रभावित भवनको अगाडि दुईवटा झुला छन्। खाजा समय र स्कुलपछि बालबालिकाहरू त्यहाँ खेल्छन्। हिजो पनि विमान दुर्घटना भएको समयमा विद्यार्थीहरू ती झुलामा थिए।"

स्कुलमा लगभग सात हजार विद्यार्थी भर्ना भएका छन्। तीमध्ये अबुल बशारको छैटौं कक्षाका छोरा पनि छन् र उनको सबैभन्दा मिल्ने साथी मारिएका छन्। "उनी दुर्घटना हुनुभन्दा दुई वा तीन मिनेट अगाडि मात्र बाहिर निस्किएका थिए", बशारले भन्नुभयो, "उनी रातभर सुत्न सकेनन् र बिहान उनलाई स्कुल ल्याउन मलाई बाध्य तुल्यायो।"

# नगर सल्लाहकार समितिद्वारा अनुगमन




**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

समुन्नति कार्यक्रम अन्तर्गत सबल नेपालले सप्तरीको पश्चिमी भेगको खडक नगरपालिकामा गरेका कार्यको सोमबार अगुनमन गरिएको छ ।

नगर कार्यक्रम सल्हाकार समितिद्वारा अनुगमन तथा समिक्षा बैठक गरि जिल्लाको खडक नगरपालिकाको बिभिन्न वडामा गरेका कार्यहरुको अनुगमन गरिएको हो ।

अनुगमनको क्रममा खडक नगरपालिका वडा नं. १ सिस्वामा दलित, जेहेन्दा र एकल परिवारका बालबालिकाहरुका लागि उच्चशिक्षा हासिल गर्न साना किसान कृषि सहकारी संस्था लि.मा बालअक्षयकोष स्थापना गरेको छ । त्यहाँ सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपालले ५ लाख मुल्य बराबरको अक्षयकोष स्थापना गरि उक्त आम्दानी गरिएका पैसाबाट गरिब, जेहेन्दार र एकल महिलाका छोरा/छोरीलाई पढाईमा खर्च गर्ने गरेको पाइएको छ ।

साना किसान कृषि सहकारी संस्था लि.का म्यानेजर श्रवण कुमार साहका अनुसार २०७५ सालमा सबल नेपालले वडा नं. १ र २ का बालबालिकाको लागि पढाई खर्च जुटाउन ५ लाखको अक्षयकोष स्थापना गरेपछि उक्त दलित, अति बिपन्न समुहका २१ जना छात्र/छात्रालाई मासिक रुपमा तीन सयका दरले आएको ब्याज वापत पढाई खर्च दिने गरेको बताए ।

यो कार्यक्रम अरु वडामा बिस्तार गर्नुपर्नेमा जोड दिँदै २०६२ सालमा स्थापना भएको यो साना किसान कृषि सहकारी संस्थामा ८ सय ५० शेयर सदस्य छन् ।

यस्तै खडक नगरपालिका वडा नं. ५ खोजपुरमा रहेका स्वास्थ्य चौकी अन्तर्गत प्रसुति गृह संचालनका लागि सबल नेपालले दिएका उपकरण प्रयोगमा रहेको पाइएको छ । अनुगमनको क्रममा वडा नं. ३ का वडा अध्यक्ष देवनारायण चौधरीले सबल नेपालले यहाँ बर्थिङ सेन्टर संचालनका लागि दिएका पिपि सेट, सेनिटाइजर लगायत बिभिन्न उपकरण संचालनमा रहेको बताए ।

साथै यस बर्थिङ सेन्टरमा महिनाको ३/४ वटा शिशुको जन्म हुने गरेको र नियमित सरसफाईको कार्य समेत भइरहेको सिनियर अहेव देवनारायण शर्माले बताए । करारसहित ७ जना स्वास्थ्यकर्मचारी रहेको औषधीको समेत अभाव देखिएको छ ।

खडक नगरपालिका वडा नं. ५ खोजपुरमा रहेका कल्याण वडा बाल क्लब संजालको समेत अनुगमन गरिएको छ । यहाँ अध्यक्ष सहित १७ जना सदस्य रहेको क्लबका भाइवहिनीहरुले सबल नेपालबाट दिएको बाल बिकास भित्ति पत्रिका, बालमैत्री स्थानिय शासन, नेतृत्व बिकास तालिम र बालश्रम बिरुद्ध तालिम लिएको र यसको पनि सदुपयोग गरि रहेको क्लबका अध्यक्ष लुकेश कुमार पासमानले बताए । यहाँ खेलकुदका सामग्रीहरु प्रयोगमा रहेको समेत देखिएको छ । अनुगमनको क्रममा साजदा खातुनले दिएको जानकारी अनुसार खडक नगरपालिका वडा नं. ८ मा सुर्योदय बाल क्लबका भाइबहिनीहरुले लागुऔषध, बाल श्रम बारे तालिम लिएर समुदायमा जनचेतना जगाइरहेको छ ।

खडक नगरपालिका वडा नं. ९ मा पनि रहेका स्वास्थ्य चौकीमा सरसफाइ, गर्भवती महिलाहरुको स्याहार र किशोरकिशोरीहरुको लागि मैत्रीपुर्ण कार्यक्रम प्रभावकारी रहेको पाइएको छ ।

वडा नं. ८ का वडा अध्यक्ष बिन्दुलाल चौधरीको अध्यक्षतामा सम्पन्न भएको अनुगमन तथा समिक्षा बैठकमा खडक नगरपालिकाका प्रशासन प्रमुख रमाकान्त चौधरी, स्वास्थ्य प्रमुख दिनेश झा, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख सुशिला चौधरी, बाल कल्याण अधिकारी अनिता कुमारी साह, शिक्षा शाखाबाट रोम चौधरी, सबल नेपालबाट अध्यक्ष जुना गिरी, उपाध्यक्ष भुपेश साह, फिल्ड म्यानेजर रोशन कुमार मण्डल, फिल्ड संयोजक अशोक कुमार साह, राधेश्यम राम, आशिष चौधरी, अनुगमन संयोजक चन्दन चौधरी र नगरबाल क्लब संजालका अध्यक्ष शिवशंकर मण्डल, राससका पत्रकार अरुण यादव सहितका सहभागिता रहेको थियो ।

# भन्सार छलेर ल्याउँदै गरेको झण्डै डेढ लाख मुल्य बराबरको सामान बरामद





**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट अवैध रुपमा भारतबाट भन्सार छलेर ल्याउँदै गरेको झण्डै डेढ लाख मुल्य बराबरको सामानहरु बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय भारदह सप्तरीबाट खटिएको प्रहरी टोलीले गस्ती गर्ने क्रममा हनुमाननगर कंकालिनी नगरपालिका १ महेन्द्र राजमार्ग स्थित भारतबाट अवैध रुपमा भन्सार छली ल्याउदै गरेको ८३ हजार ७६ मुल्य बराबरको विभिन्न किराना सामानहरु बरामद गरेको हो ।

प्रहरी टोलीलाई दख्ने बित्तिकै बोरा छाडी मानिसहरु फरार भएको तथा उक्त बोरा खोली चेकजाँच गर्दा विभिन्न किसिमका ८३ हजार ७६ रुपैया बराबरको किराना सामानहरु फेला परेको जनाइएको छ ।

यस्तै प्रहरीले जिल्लाको बलान बिहुल गाँउपालिका १ चन्द्री चौकस्थित भारतबाट अवैध रुपमा भन्सार छलि ल्याउँदै गरेको ६५ हजार ३ सय मुल्य बराबरको मोटरसाइकलका पार्टहरु बरामद गरेको छ ।

प्रहरी टोलीहरुलाई देख्ना साथ सामानहरु सोही स्थानमा छाडी मानिसहरु फरार भएकोमा वेवारिसे अवस्थामा रहेका उक्त बोरा खोली चेकजाँच गर्दा सो बोरा भित्र विभिन्न कम्पनीका मोटरसाईकलका पार्टसहरु फेला परेको प्रहरीले जनाएको छ ।

दुवै स्थानबाट बरामद किराना तथा मोटरसाईकलका पार्टसहरु प्रहरीले नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय बुझाईएको जनाएको छ ।

# मधेशमा खानेपानी अभाव समाधान गर्न सांसदहरूको ध्यानाकर्षण

काठमाडौँ, ६ साउन (रासस) ।

मधेशमा खानेपानीको अभाव देखिएसँगै समस्या समाधानका लागि सांसदहरूले ध्यानाकर्षण गराउनुभएको छ । सङ्घीय संसद् राष्ट्रियसभाको बैठकको आकस्मिक समयमा बोल्दै सांसदहरूले खानेपानीको हाहाकारले निम्तिएको परिस्थितिलाई सम्बोधन गर्न माग गर्नुभएको हो ।

सांसद आनन्दप्रसाद ढुङ्गानाले मधेशमा खानेपानी समस्या तत्कालका लागि मात्र नभई दीर्घकालीन रूपमा नै समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "खेत त बाँझो भएको छ नै खानेपानी समेत नपाउने स्थिति देखिन्छ । आगो निभाउने बारुणयन्त्र खानेपानी ओसार्न प्रयोग भइरहेका छन् । यो तत्कालको मात्र होइन दीर्घकालीन समस्या हो । यसको हल गर्नुपर्छ । दीर्घकालीन योजना बनाएर जानुपर्छ ।"

सांसद शेखरकुमार सिंहले सुक्खाग्रस्त समस्या मधेशमा मात्र होइन आउने दिनमा मेचीदेखि महाकालीसम्मै पुग्ने देखिएकाले यसलाई सम्बोधन गर्नु आवश्यक भएको बताउनुभयो । "सङ्घीय सरकारले यथाशीघ्र खानेपानी र सिँचाइ व्यवस्था गर्नुपर्छ," उहाँले भन्नुभयो ।


## कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्तै जरुरी सूचना

मिति : २०८२/०४/०६

यस प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यस सहकारी संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छ्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो १५ (पन्द्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सुचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र यस संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फर्छ्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यश संस्थासंग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

| ऋणीको विवरण | | | | |
|---|---|---|---|---|
| ऋणीको नाम : बिसुन देव चौधरी थारु | गा.वि.स. | वार्ड न. | किता न. | क्षेत्रफल |
| बाबुको नाम : मुनिचन्द चौधरी | सितापुर<br>सितापुर<br>सितापुर | ८<br>७<br>७ | ९<br>४७९<br>४७८ | ०-४-८-०<br>०-२-०-०<br>०-०-११.५-० |
| बाजेको नाम : भालु चौधरी | | | | |
| ठेगाना : अग्निसाईर कृष्णासबरण गा.पा.-०२ ईटहर्वा, सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**


# लागुऔषध र नगदसहित एक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीको टोलीले लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज नगरपालिका वडा नं ७ राजरंगशालाको प्याराफिट मुनी बस्दै आएका ५३ वर्षीय नारायण बहादुर कार्की छन् ।

विशेष सूचनाको आधारमा प्रहरी निरीक्षकको कमाण्डमा गएको प्रहरी टोलीले कार्कीको बस्दै आएको स्थानमा खानतलासी गर्दा विभिन्न प्रकारका लागुऔषधसहित नगद रकमसमेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

प्रहरीका अनुसार कार्कीको घरमा जस्ताले छाएको टहराभित्र लुकाई राखिएको अवस्थामा स्पास्मो प्रोक्सिभन प्लस ३८२ क्याप्सुल, निट्राजेपाम ट्याब्लेट १४९ थान, निट्राभेट-१० ट्याब्लेट १५४ थान, मोबाईल फोन १३ थान, नेपाली रुपैयाँ २ लाख ५० हजार ५१०, भारतीय रुपैयाँ ६ हजार ३३० र गाँजाको ७९ वटा पुडिया (कुल तौल ३११ ग्राम) बरामद गरिएको हो ।

साउन २ गते पक्राउ परेका कार्कीलाई लागुऔषध सम्बन्धी मुद्दामा अदालतबाट म्याद थप गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले सोमबार जारी गरेको प्रेस विज्ञप्ति मार्फत जनाएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*